आलिताल गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : १०　　संख्या : ०१　　मिति : २०८३/०६/०९

भाग - २

आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## बहुक्षेत्रीय विकास समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८३

**१. प्रस्तावनाः**

आलिताल गाउँपालिकाभित्रका नागरिकहरूलाई गुणस्तरीय र सर्वसुलभ सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य, शिक्षा, सडक, सिचाई, भवन, कृषि, पशु पंछी, खानेपानी, सरसफाइ, बन वातावरण तथा विपद् लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सूचना प्रबिधी लगयतका क्षेत्रहरुलाई समेटी एकीकृत रूपमा विकास गर्न स्थानीय सरकार र अन्य सरकारी तथा गैर सरकारी निकायहरु विच समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयनमा एकरुपता र प्रभावकारीता ल्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को अधिकार प्रयोग गरी आलिताल गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम "आलिताल गाउँपालिका बहुक्षेत्रीय विकास समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि २०८३" रहनेछ ।

यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

आलिताल गाउँपालिकाको कार्यालय

**३. परिभाषाः**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क)** "कार्यक्रम" भन्नाले आलिताल गाउँपालिका र साझेदार निकायहरुबाट कार्यान्वयन हुने जनुसुकै योजना/आयोजना/कार्यक्रम भन्ने सम्झनु पर्दछ ।

**ख)** "उपभोक्ता समिति" भन्नाले आलिताल गाउँपालिका र साझेदार निकायहरुबाट कार्यान्वयन हुने कुनै निर्माण कार्य मर्मत संभार र अन्य क्षमता विकास तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नका लागि लाभग्राहीहरु मध्येबाट गठन भएको समिति संम्झनु पर्छ ।

**ग)** "उपभोक्ता समूह" भन्नाले कार्यान्वयन निकायले कार्यक्रम सञ्चालनको लागि गठन गरेका कृषक समूह, वन उपभोक्ता समूह, खानेपानी तथा सरसफाई समूह, सिंचाई उपभोक्ता समूह र टोल विकास समिति जस्ता कानून वमोजिम गठन भई क्रियाशिल रहेका समूहहरु सम्झनु पर्दछ ।

**घ)** "गा.पा."भन्नाले आलिताल गाउँपालिकालाई सम्झनु पर्दछ ।

**ङ)** "समन्वय समिति" भन्नाले आलिताल गाउँपालिका बहुक्षेत्रीय विकास समन्वय समिति सम्झनु पर्दछ ।

**च)** "सचिवालय" भन्नाले आलिताल गाउँपालिका बहुक्षेत्रीय विकास समन्वय समितिको सचिवाल सम्झनु पर्दछ ।

**४.उद्धेश्यः** विकासमा संलग्न विभिन्न क्षेत्रहरु विच आपसि नीतिगत तथा कार्यगत समन्वय र सहकार्य कायम गरी एकिकृत र सन्तुलित विकासको लागि पहल गर्ने ।

**५. समन्वय समितिको गठनः**

आलिताल गाउँपालिकामा सञ्चालन हुने विकास आयोजना कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र अनुगमन लागि देहाय वमोजिमको गाउँपालिकास्तरिय बहुक्षेत्रीय विकास समन्वय समिति गठन गरिनेछ ।

गाउँपालिका अध्यक्ष -संयोजक

गाउँपालिका उपाध्यक्ष -सहसंयोजक

सामाजिक विकास समितिका संयोजक- सदस्य

वडाका अध्यक्षहरू- सदस्य

स्वास्थ्य, शिक्षा युवा तथा खेलकुद, कृषि, पशुपन्छी विकास, महिला बालबालिका, योजना अनुगमन तथ्याङ्क, प्रशासन, पूर्वाधार विकास, आर्थिक प्रशासन, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन र सूचना प्रविधी शाखाका प्रमुख वा प्रतिनिधिहरु - सदस्य

पालिकास्तरीय अस्पताल/स्वास्थ्य चौकी /नागरिक आरोग्य केन्द्र प्रमुख मध्येवाट १/१ जना -सदस्य

स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था/ उपभोक्ता समिति/समूह/टोल विकास संस्थाको प्रतिनिधि -२ -सदस्य

सुरक्षा निकाय/ प्रतिनिधि-१ -सदस्य

महिला स्वयंसेविका मध्येबाट मनोनित-१ जना -सदस्य

आलिताल गाउपालिकाको कार्यालय

उद्योग बाणिज्य संघ/होटल व्यवसायी संघ/निर्माण व्यवसायी समिति, सहकारी संजाल, निजी विद्यालयको प्रतिनिधि-५ जना -सदस्य

स्थानीय समाजसेवि वा शिक्षाविद् मध्येबाट १ जना -सदस्य

सामुदायिक विद्यालयका प्र.अ.मध्येबाट १/१ जना -सदस्य

महिला,किशोर-किशोरी, दलित,जनजाती,जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुमध्येवाट १/१ जना गरी जम्मा ६ जना -सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

**६. समितिको काम, कर्तव्य र अधिकारः**

- गाउँपालिकाको वार्षिक योजना, बजेट तथा स्वास्थ्य, बहुक्षेत्रीय पोषण खाद्य सुरक्षा, गरिवी निवारण र सरसफाइ लगायतका रणनीतिहरु तयार गर्न मार्गनिर्देशन गर्ने।
- स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, महिला तथा बालबालिका लगायतका शाखाहरूबीच एकीकृत कार्यक्रम सञ्चालनका लागि समन्वय गर्ने।
- गाउँपालिकाभित्र सञ्चालित संघ संस्था, सामुदायिक कार्यक्रम तथा बहुक्षेत्रीय आयोजनाहरूको नियमित परिणाममुखी अनुगमन र मूल्याङ्कन गर्ने।
- स्थानीय स्रोत, सरकारी तथा गैरसरकारी साझेदार संस्थाहरूको सहयोगलाई एकिकृत विकास अवधारणाको आधारमा परिचालन गर्ने।
- महामारी, विपद् वा जनआपतकालिन समयमा तत्काल टोली परिचालन र पूर्वतयारीको नेतृत्व गर्ने।
- गाउँपालिकाको विकासका लागि दीर्घकालीन बहु क्षेत्रीय कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।
- स्वास्थ्य, पोषण, कृषि, पशुपालन, महिला तथा बालबालिका, सरसफाइ, वातावरणीय लगायतका क्षेत्र बीच समन्वय सुदृढीकरण गर्ने
- सार्वजनिक तथा चिकित्सा जन्य फोहोर व्यवस्थापनका लागि समन्वय गर्ने ।
- कार्यक्रम सञ्चालनमा दोहोरोपना आउन नदिन अन्तरनिकाय समन्वय गर्ने ।
- गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

**७. समन्वय समितिको पदावधिः**

समन्वय समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि सामान्यतया ५ वर्षको हुनेछ तर स्थानीय तहका जन प्रतिनिधिहरुको कार्यकाल समाप्त भएमा समन्वय समितिका अन्य सदस्यहरुको पद स्वंत समाप्त भएको मानिनेछ ।

**८. बैठक र कार्यसञ्चालन सम्बन्धी व्यवस्थाः**

- बैठकको अध्यक्षता समन्वय समितिको संयोजकले गर्ने र संयोजकको अनुपस्थितिमा सहसंयोजकले गर्ने
- समितिको बैठक सामान्यतया प्रत्येक ६ महिनामा (अर्धवार्षिक रुपमा) कम्तीमा एक पटक बस्नेछ। संयोजकले आवश्यक ठानेमा जुनसुकै समयमा आकस्मिक बैठक बोलाउन सकिनेछ ।

अरिघाट गाउँपालिकाको कार्यालय

- समितिका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।
- समितिको निर्णय बहुमतको आधारमा हुनेछ र निर्णयहरूको अभिलेख सदस्य-सचिवले व्यवस्थित रूपमा राखुपर्नेछ।
- समितिले आवश्यकता अनुसार निम्नानुसार विषय विज्ञहरू, अन्य शाखाका प्रमुखहरू, गैर सरकारी संघ संस्था, बीमा बोर्ड लगायतका प्रतिनिधिहरू लाइ बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

**९. विविधः**

- समन्वय समितिले सम्पादन गरेका कामहरुको बार्षिक प्रतिवेदन गाउँ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।
- वार्षिक रूपमा गाउँपालिकास्तरीय समीक्षा गोष्ठीबाट प्राप्त राय सुझावको आधारमा आगामी वर्षको सुधार योजना तयार गरिनेछ ।

**१०. संशोधन र बाधा अड्काउ फुकाउः**

यो कार्यविधिमा उल्लेख नभएका र प्रचलित कानुनसँग बाझिएका विषयमा प्रचलित कानुन बमोजिम हुने छ । कार्यविधिको कार्यान्वयनका क्रममा कुनै अस्पष्टता भई थप घट गर्नु पर्ने अवस्था भएमा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम कार्यविधि संशोधन गरी बाधा अड्काउ फुकाउन सकिने छ ।

आज्ञाले,
कृष्णानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

अनिलाल ... प्रमुख कार्यालय